# वागीश्वरी

पुस, २०७८

## वार्षिक प्रगति प्रतिवेदन २०७७/०७८



प्रकाशक

वागीश्वरी कलेज

तुमचो, कमलविनायक, तौलाछेँ, भक्तपुर-९

# वागीश्वरी कलेज व्यवस्थापन समितिका पदाधिकारीहरू



अध्यक्ष
सुनिल प्रजापति



उपाध्यक्ष
मोहनप्रसाद प्रजापति



सदस्य
अनुराधा थापामगर



सदस्य
चन्द्रबहादुर उलक



सदस्य
शोभा प्रधान



सदस्य
कृष्णप्रसाद धन्छा



सदस्य
सुशीला कर्माचार्य



सदस्य
जानकी बासुकला



सदस्य
श्याम बिसुंखे



सदस्य
कृष्णबहादुर तामाङ



सदस्य सचिव
धनकुमार श्रेष्ठ

# वार्षिक प्रगति प्रतिवेदन

## २०७७/२०७८


प्रगति प्रतिवेदन तयारी समूह

प्राचार्य धनकुमार श्रेष्ठ

प्रशासन सहायक विकास कोजू

EMIS प्रमुख प्रवीण प्रजापति

लेखा सहायक रमेश गोसाई

पुस्तकालय सहायक रत्नशोभा फैंजू



# वागीश्वरी कलेज

तुमचो, कमलविनायक, तौलाछें, भक्तपुर- ९

२०७८

# विषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| वार्षिक प्रगति प्रतिवेदन २०७७/०७८ को सार | १ |
| वार्षिक प्रगति प्रतिवेदन २०७७/०७८ | ३ |
| १. प्रारम्भ | ३ |
| २. शैक्षिक पक्ष | ३ |
| २.१. सञ्चालित शैक्षिक कार्यक्रमहरू | ३ |
| २.२. भर्ना प्रक्रिया र विश्लेषण | ३ |
| २.३. परीक्षा र परिणाम | ५ |
| २.४. दिक्षित विद्यार्थीहरूको अवस्था | ७ |
| २.५. अध्यापन विधि र सिद्धान्त | ८ |
| २.६. मूल्याङ्कन प्रक्रिया | ८ |
| २.७. शैक्षिक उपलब्धि र गतिविधि | ९ |
| ३. भौतिक पक्ष | ११ |
| ३.१. पूर्वाधार विकास | ११ |
| ३.२. शैक्षिक स्रोत साधन | ११ |
| ४. आर्थिक पक्ष | १२ |
| ४.१. आर्थिक स्रोत | १२ |
| ४.२. विगत ३ वर्षको खर्च विवरण | १३ |
| ५. सामाजिक प्रगति | १४ |
| ५.१. सामाजिक क्रियाकलापमा कलेजको संलग्नता | १४ |
| ५.२. कलेजको विकासमा समुदायको संलग्नता | १५ |
| ५.३. समुदायको विकासको लागि क्याम्पसको भावी योजना | १५ |
| ५.४. कलेजमा समुदायको संलग्नता वृद्धि गर्ने योजना | १६ |
| ६. कलेजको समस्या तथा चुनौतीहरू | १६ |
| ६.१. छोटो समयावधिका चुनौतीहरू | १६ |
| ६.२. लामो समयावधिका चुनौतीहरू | १६ |
| ६.३. समस्या तथा चुनौतीहरू हल गर्न गरिएका प्रयासहरू | १७ |
| ६.४. भावी योजनाहरू | १७ |
| ७. सबल पक्ष | १७ |
| ८. उपसंहार | १८ |
| ९. आ.व. २०७६/०७७ को वागीश्वरी कलेजको बजेट | २० |
| १०. आ.व. २०७५/०७६ को लेखापरीक्षण प्रतिवेदन | २२ |
| ११. फोटोहरू | ३४ |

# वार्षिक प्रगति प्रतिवेदन २०७७/०७८ को सार

समाजको क्रमिक विकास तथा उन्नयनको लागि २१ औं शताब्दीको लागि योग्य जनशक्ति उत्पादन गर्न शिक्षालाई सीपसँग आवद्ध गर्नु आजको आवश्यकता हो । यही उद्देश्यलाई आत्मसात गर्दै त्रिभुवन विश्वविद्यालयबाट २०६४ सालमा सम्बन्धन लिई सञ्चालित एक सामुदायिक शैक्षिक संस्था हो वागीश्वरी कलेज । सामुहिक नेतृत्वमा विश्वास गर्ने यस कलेज विद्यार्थीहरूले सर्वसुलभ तरीकाले शिक्षामा पहुँच पाउन् भन्ने मूल मर्म बोकेको छ ।

यस कलेजले स्नातक तहमा बीए र बीबीएस तथा स्नातकोत्तर तहमा एमबीएस र एमए समजशास्त्रको कक्षा सञ्चालन गर्दै आएको छ । त्रिभुवन विश्वविद्यालयको नियमानुसार भर्ना प्रक्रिया अवलम्बन गर्दै शैक्षक वर्ष २०७७ मा जम्मा ९९४ जना विद्यार्थीहरूलाई भर्ना गर्न यस कलेज सफल भएको छ ।

शै.व. २०७६ मा यस कलेजको उत्तीर्ण दर ५३.९७ प्रतिशत रहेको छ जुन अहिलेसम्मकै उच्च उत्तीर्ण दर हो । अहिलेसम्म यस कलेजबाट जम्मा ८५४ जना विद्यार्थीहरू दिक्षित भएका छन् जसमध्ये गत वर्ष ५८ जना विद्यार्थीहरू दिक्षित छन् ।

सैद्धान्तिक शिक्षाभन्दा व्यावहारिक शिक्षाले विद्यार्थीहरूमा उत्कृष्ट व्यक्तित्व निर्माण गर्दछ भन्ने मान्यतालाई सार्थक बनाउन यस कलेजले विद्यार्थीहरूमा समय सुहाउँदो विषयगत ज्ञान, सीप र क्षमता अभिवृद्धि गराउन निश्चित अध्यापनविधि अनुशरण गर्दै आएको छ । यस कलेजमा अध्ययनरत विद्यार्थीहरूको परीक्षा परिणाममा सुधार गर्नका लागि कलेजले नियमित मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरेको छ ।

शिक्षालाई समय सापेक्ष, सान्दर्भिक र गुणस्तरीय बनाउन, यस कलेजले आवश्यकता बमोजिम शैक्षिक योजना र कार्यक्रम निर्माण गरी त्यसको प्रभावकारी कार्यन्वयन गर्न विभिन्न समय अनुकूल विभिन्न गतिविधिहरू गर्दै गराउँदै आइरहेको छ ।

'वागीश्वरी' पत्रिकाको नियमित प्रकाशन, बीएसडब्लुका विद्यार्थीहरूको फिल्ड भिजिट, अध्ययन भ्रमण, तालिमको आयोजना, अनलाइनबाट कक्षा सञ्चालन गर्न प्रविधिको तालिम, सेमिनारमा सहभागीता, विद्यार्थीहरूलाई विभिन्न विषयमा नियमित विज्ञ शिक्षकहरूबाट अभिमुखीकरण कार्यक्रमहरूलगायतका गतिविधिहरू गर्दै आइरहेको छ भने अनुसन्धान कार्यका लागि रु. २८ लाखभन्दा बढी बजेट विनियोजन गरेको छ ।

भौतिक पूर्वाधार विकासको शिलशिलामा यस कलेजको स्वामित्वमा हाल १-१०-१-०.६० रोपनी जग्गा रहेको छ । जसमध्ये १ आना २ पैसा ०.३१ दाम जग्गामा ३ तले प्रशासनिक भवन रहेको छ भने १-७-१-०.२९ रोपनी जग्गामा पहिलो चरणअन्तर्गत निर्माण कार्य दुई तल्ला सम्पन्न भइसकेको छ ।

यस कलेजमा अध्ययनरत विद्यार्थीहरूको अध्ययनलाई थप सहज बनाउन कलेजले इन्टरनेटसहितको कम्प्युटर ल्याब, यथेष्ट पुस्तक तथा सन्दर्भ सामग्रीसहितको Open Access Library र भरपर्दो फर्निचरलगायत शैक्षिक स्रोत साधनको व्यवस्था गरिएको छ ।

कलेजलाई व्यवस्थित रुपमा सञ्चालन गर्न यस कलेजको प्रमुख आर्थिक स्रोत

विद्यार्थी शुल्क, बाग्मती प्रदेश सरकार र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने विभिन्न अनुदान रहेको छ।

समुदायको उत्तरोतर प्रगति र सकारात्मक परिवर्तनको लागि वागीश्वरी कलेज आफूलाई सर्वदा उत्तरदायी ठान्दछ।

सामाजिक गतिविधिमा कलेजको संलग्नता र कलेजको प्रगतिको लागि समुदायको योगदान अपरिहार्य रहेकोले आपसी नियमित अन्तरक्रियाको लागि समय समयमा कार्यक्रमहरूको आयोजना गरिँदै आएको छ। कोभिड १९ को कारण देखा परेका समस्या तथा चुनौतीहरूलाई स्वीकार गर्दै यस कलेजले नियमित अनलाइन कक्षाबाट विद्यार्थीहरूलाई शैक्षिक वातावरणमा राख्न सफल भएको छ।

पञ्चवर्षीय योजनालाई कार्यान्वयन गर्दै अघि बढेको यस कलेजले त्तββ प्राप्त गर्ने योजना बनाएको छ भने व्यावसायिक र प्राविधिक धारका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने सोच बनाएको छ। साथै यस कलेजमा अध्ययनरत स्नातक र स्नातकोत्तर तहका विद्यार्थीहरूलाई विभिन्न प्रकारको अनुसन्धानात्मक क्रियाकलापमा संलग्न गराउने योजना बनाएको छ भने कलेजमा कार्यरत शिक्षक, कर्मचारीहरूको शैक्षिक स्तर उकास्न M.Phil र Ph.D गर्न आवश्यक बन्दोबस्त तयार पार्नेछ।

सक्षम कलेज व्यवस्थापन समितिको नेतृत्व, अभिभावक, समुदायको साथ, लगनशील शिक्षक र कर्मचारीको मिहिनेत नै यस कलेजको प्रगतिको प्रमुख कारण रहेको छ।

# वागीश्वरी कलेजको प्रगति प्रतिवेदन २०७७/०७८

## १. प्रारम्भ

समाजको क्रमिक विकास तथा उन्नयनको लागि सान्दर्भिक र गुणस्तरीय उच्च शिक्षा अपरिहार्य छ । शिक्षाको उचित विकास, संरक्षण र संवर्द्धनले कुनै पनि देश तथा समाजको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक रुपान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षालाई सीपसँग आवद्ध गर्नको निमित्त सामान्य प्राविधिक, व्यावसायिक शिक्षाका आधारहरू निर्माण गर्नु, प्रतिस्पर्धी, दक्ष जनशक्ति तयार पार्नु तथा खोजमूलक अनुसन्धान गतिविधिमा संलग्न हुन आवश्यक छ । शिक्षाको यहि मूल भावलाई आत्मसात गर्दै त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई २०६४ सालमा एक सामुदायिक शैक्षिक संस्थाको रुपमा यस कलेजको स्थापना भएको हो । स्थापनाकालमा स्नातक तहका दुई वटा कार्यक्रमहरू बीए र बीबीएसका कक्षाहरू सञ्चालन गरी अध्यापन कार्य सुरु गरेको यस कलेजमा हाल स्नातकोत्तर तहका दुई वटा कार्यक्रमहरू एमए समाजशास्त्र र एमबीएसका कक्षाहरू पनि सञ्चालित छन् ।

सामुहिक नेतृत्व यस कलेजको विशेषता हो । कलेज सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति नियमहरू व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीहरूबीच छलफल गरी निर्माण गरिन्छ । सबै किसिम र तहतप्काका विद्यार्थीहरूले सर्वसुलभ तरीकाले शिक्षामा पहुँच पाउन् भन्ने मूल मर्म बोकेको यस वागीश्वरी कलेजमा शैक्षिक गुणस्तरीयतालाई निरन्तरता दिन विभिन्न सङ्काय, विभाग एवं समितिहरूको निर्माण गरी औपचारिक शैक्षिक एवं अतिरिक्त शैक्षिक गतिविधिहरू सञ्चालन गर्नुका साथै निर्मित नीति नियम तथा कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ ।

## २. शैक्षिक पक्ष

यस कलेजको शैक्षिक पक्षलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### २.१. सञ्चालित शैक्षिक कार्यक्रमहरू

यस कलेजमा मानविकी र व्यवस्थापन सङ्कायका निम्न कार्यक्रमहरू सञ्चालित छन् ।

तालिका नं. १ : सञ्चालित कार्यक्रमहरू

| क्र.सं. | सङ्काय | तह | समूह | सम्बन्धन मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | मानविकी | बीए | बिहानी | २०६४ | |
| | | एमए समाजशास्त्र | बिहानी | २०७० | |
| २. | व्यवस्थापन | बीबीएस | बिहानी | २०६४ | |
| | | एमबीएस | बिहानी/रात्री | २०६६ | |

### २.२. भर्ना प्रक्रिया र विश्लेषण

यस कलेजले नयाँ विद्यार्थीहरूको भर्ना कार्यलाई प्रभावकारी बनाउन निम्नानुसारको

व्यवस्था गरेको छ ।

- सर्वप्रथम त्रिविको भर्ना कार्यक्रमको सूचना प्रकाशित भइसकेपछि यस कलेजले विभिन्न सञ्चारमाध्यममार्फत भर्ना आवेदनको लागि सूचना प्रकाशन गरिन्छ ।
- त्यसपछि सम्पर्कमा आएका विद्यार्थीहरूलाई विषयगत रूपमा मार्गनिर्देश गर्ने गरिन्छ ।
- योग्य विद्यार्थीहरूलाई इच्छाएको सङ्कायको भर्ना आवेदन फारम भराई आवश्यक कागजातसहित नाम दर्ता गरिन्छ ।
- भर्ना आवेदन फारम भरिसकेका विद्यार्थीहरूले अनिवार्य रूपमा प्रवेश परीक्षा दिनुपर्छ । तत्पश्चात् प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरूको नामावली प्रकाशित गरिन्छ ।
- प्रवेश परीक्षामा सफल विद्यार्थीहरूलाई अन्तर्वार्ता लिई कलेजको विद्यार्थी आचारसंहिता, छात्रवृत्तिको व्यवस्थाबारे जानकारी दिई आवश्यक शुल्क लिई भर्ना गराइन्छ ।
- भर्ना भएका विद्यार्थीहरूलाई अभिमुखीकरण गरी कक्षा सञ्चालन गरिन्छ ।

भर्ना तथ्याङ्कअनुसार हाल यस कलेजमा ४९ जिल्लाका जम्मा ९९४ जना विद्यार्थीहरू अध्ययनरत रहेको यस कलेजमा ४८ जना शिक्षक जसमा २५ जना पूर्णकालीन र २३ जना आंशिक रहेका छन् भने १० जना कर्मचारीहरू कार्यरत छन् ।

तहगत रूपमा तीन वर्षको विद्यार्थी भर्ना विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ३ : शैक्षिक सत्र २०७५/०७६ को विद्यार्थीको भर्ना विवरण

| सङ्काय/तह | प्रथम वर्ष/सेमेष्टर | | | | | दोस्रो वर्ष/सेमेस्टर | | | | | तेस्रो वर्ष/सेमेस्टर | | | | | चौथो वर्ष | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्र | छात्रा | द. | जन | जम्मा | छात्र | छात्रा | द. | जन | जम्मा | छात्र | छात्रा | द. | जन | जम्मा | छात्र | छात्रा | द. | जन | |
| BBS | ११६ | ३८ | ७८ | | ७ | १२५ | ३० | ९५ | १ | ४ | १४८ | ५१ | ९७ | २ | १४ | १९१ | ६२ | १२९ | १ | १३ | ५८० |
| BA | ८१ | १० | ७१ | | ९ | ५७ | १५ | ४२ | १ | ३ | ४२ | ११ | ३१ | | ३ | | | | | | १८० |
| MBS | | | | | | ३३ | ६ | २७ | | | ११ | २ | ९ | | | | | | | | ४४ |
| MA | | | | | | ११ | २ | ९ | | | ३ | ० | ३ | | | | | | | | १४ |
| Total | | | | | | | | | | | | | | | | | | | | | ८१८ |

तालिका नं. ४ : शैक्षिक सत्र २०७६/०७७ को विद्यार्थीको भर्ना विवरण

| सङ्काय/तह | प्रथम वर्ष/सेमेष्टर | | | | | दोस्रो वर्ष/दोस्रो सेमेष्टर | | | | | तेस्रो वर्ष/तेस्रो सेमेष्टर | | | | | चौथो वर्ष/सेमेस्टर | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्र | छात्रा | द. | जन | जम्मा | छात्र | छात्रा | द. | जन | जम्मा | छात्र | छात्रा | द. | जन | जम्मा | छात्र | छात्रा | दलित | जन | |
| BBS | ११६ | ४१ | ७५ | १ | १२ | १२० | ४० | ८० | | ८ | १२६ | ३० | ९६ | १ | ४ | १४९ | ५२ | ९७ | २ | १५ | ५११ |
| BA | १०३ | २५ | ७८ | ५ | ७ | ८६ | १७ | ६९ | | ११ | ५७ | १५ | ४२ | १ | ३ | | | | | | २४६ |
| MBS | ३१ | ९ | २२ | | १ | ३८ | १५ | २३ | | १ | | | | | | ३३ | ६ | २७ | | | १०२ |
| MA | | | | | | ४ | १ | ३ | | | | | | | | ११ | २ | ९ | | | १५ |
| Total | | | | | | | | | | | | | | | | | | | | | ८७४ |

## तालिका नं. ४ : शैक्षिक सत्र २०७७/०७८ को विद्यार्थीको भर्ना विवरण

| सङ्काय/तह | प्रथम वर्ष/सेमेष्टर | | | | | दोस्रो वर्ष/दोस्रो सेमेष्टर | | | | | तेस्रो वर्ष/तेस्रो सेमेष्टर | | | | | चौथो वर्ष/सेमेस्टर | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्र | छात्रा | दलित | जन | जम्मा | छात्र | छात्रा | दलित | जन | जम्मा | छात्र | छात्रा | दलित | जन | जम्मा | छात्र | छात्रा | दलित | जन | |
| BBS | १८८ | ६६ | १२२ | २ | १३ | ११७ | ४१ | ७६ | १ | १२ | १२० | ४० | ८० | | ८ | १२६ | ३१ | ९५ | १ | ४ | ५५१ |
| BA | १२२ | ४० | ८२ | ४ | २१ | १०३ | २५ | ७८ | ५ | ७ | ८६ | १७ | ६९ | | ११ | | | | | | ३११ |
| MBS | ३९ | ८ | ३१ | १ | – | ३१ | ९ | २२ | | १ | | | | | | ३९ | १५ | २४ | | १ | १०९ |
| MA | १९ | ३ | १६ | – | – | – | | | | | | | | | | ४ | १ | ३ | | | २३ |
| Total | ३६८ | ११७ | २५१ | | | २५१ | ७५ | १७६ | | | २०६ | ५७ | १४९ | | | १२६ | ४७ | १२२ | | | ९९४ |

उपर्युक्त तथ्याङ्कलाई विश्लेषण गर्दा शैक्षिक वर्ष २०७५/०७६ मा ८१८ जना, २०७६/०७७ मा जम्मा ८७४ जना र २०७७/०७८ मा जम्मा ९९४ जना विद्यार्थीहरू भर्ना भएको देखिन्छ। विगत तीन वर्षको भर्ना तथ्याङ्कलाई विश्लेषण गर्दा २०७६/०७७ सालमा ६.८४ प्रतिशत र २०७७/०७८ सालमा १३.७ प्रतिशतले विद्यार्थी भर्ना वृद्धि भएको देखिन्छ।

## २.३. परीक्षा र परिणाम

यस कलेजले सम्पूर्ण परीक्षालाई मर्यादित र चुस्त व्यवस्थापनका साथ सञ्चालनमा विशेष महत्त्व दिएको छ। शैक्षिक वर्ष २०७३/०७४, २०७४/०७५ र २०७५/०७६ को त्रिवि नतिजालाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ।

## तालिका नं. ५ : शैक्षिक सत्र २०७४ उत्तीर्ण दर

| तह/सङ्काय | परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या | | | | | उत्तीर्ण सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्र | छात्रा | दलित | जनजाति | जम्मा | छात्र | छात्रा | दलित | जनजाति |
| BBS | | | | | | | | | | |
| 1st | १०९ | ३३ | ७६ | १ | ९ | ३७ | १७ | २० | | २ |
| 2nd | १३१ | ३७ | ९४ | | ८ | ३७ | ११ | २६ | | ३ |
| 3rd | ७५ | २२ | ५३ | २ | | १३ | ३ | १० | | |
| 4th | ७९ | १९ | ६० | | ४ | ५६ | १६ | ४० | | |
| Total | ३९४ | १११ | २८३ | ३ | २१ | १४३ | ४७ | ९६ | | ५ |
| Percentage | | | | | | ३६.२९% | | | | |
| BA | | | | | | | | | | |
| 1st | ३३ | ८ | २५ | | १ | १६ | २ | १४ | | |
| 2nd | २९ | ९ | २० | | ३ | १८ | ७ | ११ | | |
| 3rd | ३५ | ७ | २८ | १ | २ | २९ | ४ | २३ | | २ |
| Total | ९७ | २४ | ७३ | १ | ६ | ६३ | १५ | ४८ | | २ |
| Percentage | | | | | | ६४.९% | | | | |
| MBS | | | | | | | | | | |
| 1st | ४३ | ११ | ३२ | | ३ | १७ | ४ | १३ | | १ |
| 2nd | २३ | ४ | १९ | | | १८ | ४ | १४ | | |
| Total | ६६ | १५ | ५१ | | ३ | ३५ | ८ | २७ | | १ |
| Percentage | | | | | | ५३.०३% | | | | |
| MA | | | | | | | | | | |
| 1st | ७ | १ | ६ | | | ४ | ० | ४ | | |
| 2nd | ५ | १ | ४ | | | ३ | ० | ३ | | |
| Total | १२ | २ | १० | | | ७ | ० | ७ | | |
| Percentage | | | | | | ५८.३३% | | | | |

परीक्षामा सम्मिलित जम्मा सङ्ख्या = ५६९, उत्तीर्ण सङ्ख्या = २४८, जम्मा उत्तीर्ण प्रतिशत = ४३.६ प्रतिशत।

## तालिका नं. ६ : शैक्षिक सत्र २०७५ उत्तीर्ण दर

| तह/सङ्काय | परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या | | | | | उत्तीर्ण सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्र | छात्रा | दलित | जनजाति | जम्मा | छात्र | छात्रा | दलित | जनजाति |
| BBS | | | | | | | | | | |
| 1st | १०१ | २१ | ८० | - | ३ | ३१ | ५ | २६ | - | १ |
| 2nd | ९६ | ३३ | ६३ | १ | ६ | ४१ | १७ | २४ | - | २ |
| 3rd | ११९ | ३४ | ८५ | - | ५ | ३९ | १३ | २६ | - | १ |
| 4th | ७५ | २० | ५५ | २ | - | ४६ | १० | ३६ | २ | - |
| Total | ३९१ | १०८ | २८३ | ३ | १४ | १५७ | ४५ | ११२ | २ | ४ |
| Percentage | | | | | | ४०.२% | | | | |
| BA | | | | | | | | | | |
| 1st | ४४ | १० | ३४ | १ | २ | ३४ | ८ | २६ | १ | १ |
| 2nd | ३० | ६ | २४ | - | १ | १८ | ५ | १३ | - | १ |
| 3rd | २६ | ६ | २० | - | ४ | २२ | ५ | १७ | - | ३ |
| Total | १०० | २२ | ७८ | १ | ७ | ७४ | १८ | ५६ | १ | ५ |
| Percentage | | | | | | ७४% | | | | |
| MBS | | | | | | | | | | |
| 1st Sem | ३२ | ५ | २७ | - | - | २७ | ५ | २२ | - | - |
| 2nd Sem | ३२ | ५ | २७ | - | - | २५ | ३ | २२ | - | - |
| 3rd Sem | ८ | २ | ६ | - | - | ८ | २ | ६ | - | - |
| Total | ७२ | १२ | ६० | | | ६० | १० | ५० | | |
| Percentage | | | | | | ८३.३% | | | | |
| MA | | | | | | | | | | |
| 1st Sem | ९ | १ | ८ | - | - | ५ | ० | ५ | - | - |
| 2nd Sem 2075 Batch | ७ | १ | ६ | - | - | ४ | ० | ४ | - | - |
| 2nd Sem 2074 Batch | १ | ० | १ | - | - | १ | ० | १ | - | - |
| 3rd Sem | १ | ० | १ | - | - | १ | ० | १ | - | - |
| Total | १८ | २ | १६ | | | ११ | ० | ११ | | |
| Percentage | | | | | | ६१.१% | | | | |

परीक्षामा सम्मिलित जम्मा सङ्ख्या = ५८१, उत्तीर्ण सङ्ख्या = ३०२, जम्मा उत्तीर्ण प्रतिशत = ५१.९८ प्रतिशत ।

## तालिका नं. ७ : शैक्षिक सत्र २०७६ उत्तीर्ण दर

| तह/सङ्काय | परीक्षामा सम्मिलित विद्यार्थी सङ्ख्या | | | | | उत्तीर्ण सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्र | छात्रा | दलित | जनजाति | जम्मा | छात्र | छात्रा | दलित | जनजाति |
| BBS | | | | | | | | | | |
| 1st | १०३ | ३२ | ७१ | ० | ८ | ४० | १३ | २७ | ० | ३ |
| 2nd | ८८ | १७ | ७१ | ० | २ | ३४ | ६ | २८ | ० | ० |
| 3rd | ८५ | २५ | ६० | ० | ५ | २२ | ७ | १५ | ० | ० |
| 4th | १११ | २८ | ८३ | ० | ६ | ७८ | १९ | ५९ | ० | ३ |
| Total | ३८७ | १०२ | २८५ | | २१ | १७४ | ४५ | १२९ | | ६ |
| Percentage | | | | | | ४४.९६% | | | | |
| BA | | | | | | | | | | |
| 1st | ६८ | ८ | ६० | ० | १० | ३९ | ६ | ३३ | ० | ४ |
| 2nd | ४० | १० | ३० | १ | २ | ३८ | ७ | ३१ | १ | २ |
| 3rd | २९ | ६ | २३ | ० | ० | २२ | ५ | १७ | ० | ० |
| Total | १३७ | २४ | ११३ | १ | १२ | ९९ | १८ | ८१ | १ | ८ |
| Percentage | | | | | | ७२.२६% | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| MBS | | | | | | | | | | |
| 1st | ३४ | १४ | २० | ० | ० | १७ | ५ | १२ | ० | ० |
| 3rd | २९ | ५ | २४ | ० | ० | २७ | ४ | २३ | ० | ० |
| 4th | ८ | २ | ६ | ० | १ | ४ | २ | २ | ० | १ |
| Total | ७१ | २१ | ५० | ० | १ | ४८ | ११ | ३७ | ० | १ |
| Percentage | | | | | | ६७.६०% | | | | |
| MA | | | | | | | | | | |
| 1st | ३ | ० | ३ | ० | ० | २ | ० | २ | ० | ० |
| 3rd | ५ | ० | ५ | ० | ० | २ | ० | २ | ० | ० |
| 4th | १ | ० | १ | ० | ० | १ | ० | १ | ० | ० |
| Total | ९ | १ | ९ | ० | ० | ५ | ० | ५ | ० | ० |
| Percentage | | | | | | ५५.५५% | | | | |

परीक्षामा सम्मिलित जम्मा सङ्ख्या = ६०४, उत्तीर्ण सङ्ख्या = ३२६, जम्मा उत्तीर्ण प्रतिशत = ५३.९७ प्रतिशत ।

त्रिभुवन विश्वविद्यालयको परीक्षामा जम्मा सहभागी विद्यार्थी सङ्ख्याको आधारमा शैक्षिक सत्र २०७४ मा ४३.६ प्रतिशत, ०७५ मा ५१.९८ प्रतिशत र ०७६ सालमा ५३.९७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । यसर्थ विगत ३ वर्षको उत्तीर्ण दरको तुलनात्मक विश्लेषण गर्दा उत्तीर्ण प्रतिशत क्रमिक रूपमा वृद्धि भएको देखिन्छ ।

शैक्षिक सत्र २०७७ सालमा बीए तेस्रो वर्षको उत्तीर्ण दर ८७.५ प्रतिशत, बीबीएस चौथो वर्षको उत्तीर्ण दर ७७.२२ प्रतिशत, एमबीएस दोस्रो सेमेष्टरको उत्तीर्ण दर ९३.१० प्रतिशत, एमबीएस चौथो सेमेष्टरको उत्तीर्ण दर ५७.५७ प्रतिशतर र एमए चौथो सेमेष्टरको उत्तीर्ण दर ८० प्रतिशत रहेको छ भने एमबीएस प्रथम सेमेष्टरको उत्तीर्ण दर ७७.७७ प्रतिशत रहेको छ । केहि तहको नतिजा हालसम्म पनि प्रकाशित नभएको कारण औसत उत्तीर्ण दर उल्लेख गरिएको छैन ।

## २.४. दीक्षित विद्यार्थीहरूको अवस्था

शैक्षिक वर्ष २०७७ मा यस कलेजबाट स्नातक तहमा जम्मा ५४ जना (बीए/बीबीएस) र एमबीएसमा ४ जना गरी जम्मा ५८ जना विद्यार्थीहरू दीक्षित भएका छन् । सङ्कायगत रूपमा तुलनात्मक तथ्याङ्क निम्नानुसार छन् ।

### तालिका नं. ८ : दीक्षित विद्यार्थी विवरण

| सङ्काय/तह | २०७५ (2018 AD) | | | | | २०७६ (2019 AD) | | | | | २०७७ (2020 AD) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्र | छात्रा | दलित | ज. | जम्मा | छात्र | छात्रा | दलित | ज. | जम्मा | छात्र | छात्रा | दलित | ज. |
| बीबीएस | ४३ | १० | ३३ | | २ | ७६ | १८ | ५८ | – | – | २२ | ८ | १४ | – | – |
| बीए | – | – | – | | | २५ | २ | २३ | – | ३ | ३२ | ९ | २३ | १ | |
| एमबीएस | २० | ५ | १५ | | | १६ | ४ | १२ | – | – | ४ | २ | २ | – | – |
| एमए | १ | ० | १ | | | २ | – | २ | – | – | | – | – | – | – |
| जम्मा | ६४ | १५ | ४९ | | २ | ११९ | २४ | ९५ | ० | ३ | ५८ | १९ | ३९ | १ | – |

माथि उल्लिखित तथ्याङ्कलाई विश्लेषण गर्दा शैक्षिक सत्र २०७५ मा बीबीएसमा ४३ जना, एमबीएसमा २० जना र एमए समाजशास्त्रमा १ जना गरी जम्मा ६४ जना विद्यार्थीहरूले पढाइ पूरा गरेका थिए । त्यस्तै शैक्षिक सत्र २०७६ मा बीबीएसमा ७६ जना,

**बीएमा २५ जना, एमबीएसमा १६ जना र एमएमा २ जना गरी जम्मा ११९ जना विद्यार्थीहरू दीक्षित भएका छन् । त्यस्तै शैक्षिक सत्र २०७७ मा बीबीएसमा २२ जना, बीएमा ३२ जना र एमबीएसमा ४ जना गरी जम्मा ५८ जना गरी जम्मा ५८ जना विद्यार्थीहरू दीक्षित भएका छन् । हालसम्म यस कलेजबाट बीबीएसतर्फ ४३० जना र बीएतर्फ ३३९ जना गरी जम्मा ७६९ जना विद्यार्थीहरूले स्नातक तह उत्तीर्ण गरिसकेका छन् भने एमए समाजशास्त्रमा ७ जना र एमबीएसमा ७८ जना गरी जम्मा ८५ जना विद्यार्थीहरूले स्नातकोत्तर तह उत्तीर्ण गरिसकेका छन् । स्नातक र स्नातकोत्तर तह गरी जम्मा अहिलेसम्म ८५४ जना विद्यार्थीहरू दिक्षित भइसकेका छन् ।**

## २.५. अध्यापन विधि र सिद्धान्त

**सैद्धान्तिक शिक्षाभन्दा व्यावहारिक शिक्षाले विद्यार्थीहरूमा उत्कृष्ट व्यक्तित्व निर्माण गर्दछ भन्ने यस कलेजको मान्यता छ । तसर्थ यस कलेजले विद्यार्थीहरूमा युग सुहाउँदो विषयगत ज्ञान, सीप र क्षमता अभिवृद्धि गराउन निम्नानुसार अध्ययन अध्यापन गराउँदै आएको छ ।**

- **क) मल्टिमिडिया/स्मार्टबोर्ड/**Audio Visual **प्रविधिबाट अध्यापनको व्यवस्था,**
- **ख) विशेष थप कक्षाको व्यवस्था,**
- **ग) समय समयमा विषयगत विज्ञहरूद्वारा मार्गनिर्देशन तथा अभिमूखीकरण**
- **घ) गुणस्तरीय प्रतिस्पर्धी र अनुभवी विषय शिक्षकहरूद्वारा अध्यापन,**
- **ङ) अन्तरक्रिया, शैक्षिक भ्रमण, क्षेत्रगत अवलोकन भ्रमण गराई व्यावहारिक शिक्षा दिने,**
- **च) विद्यार्थीहरूलाई विभिन्न प्रकारको अनुसन्धान तथा परियोजना कार्यहरूमा संलग्न गराउने,**
- **छ) विद्यार्थीहरूको विभिन्न** Seminar/Workshop/Dialogue **कार्यक्रमहरूमा सहभागिता ।**
- **ज) हाल यस कलेजले वैकल्पिक अध्यापन विधिहरू** (Online/Virtual) **मार्फत अध्यापन ।**

## २.६. मूल्याङ्कन प्रक्रिया

**यस कलेजमा अध्ययनरत विद्यार्थीहरूको परीक्षा परिणाममा सुधार गर्नका लागि कलेजले नियमित मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरेको छ ।**

- **क) त्रैमासिक परीक्षाद्वारा नियमित मूल्याङ्कन,**
- **ख) निश्चित समय सीमाभित्र शिक्षकले दिएको गृहकार्य, प्रस्तावना लेखन तथा परियोजना कार्यहरू सकाउनुपर्ने,**
- **ग) विभिन्न** Unit/Achievement/Progress Test **दिनुपर्ने,**
- **घ) विद्यार्थीहरूको कक्षा उपस्थिति ९० प्रतिशत हुनुपर्ने,**
- **ङ) विद्यार्थीहरूले कलेजको अनुशासनलाई इमान्दारिपूर्वक पालन गर्नुपर्ने र**
- **च) विषयगत रूपमा** Seminar/Workshop **सञ्चालन गर्नुपर्ने तथा प्रस्तुती दिनुपर्ने,**

छ) कार्यमूलक नेपाली पत्रकारिताका विद्यार्थीहरूका लागि वागीश्वरी पत्रिका प्रकाशन, विभिन्न संस्थाहरू भ्रमण तथा Intern गरी प्रतिवेदन तयार गर्नुपर्ने ।

ज) सामाजिक कार्य विषय अध्ययनरत विद्यार्थीहरूले विभिन्न सङ्घ/संस्थामा २५० घण्टाको Intern गर्नुपर्ने तथा Summer/Winter Camp मा सहभागी हुनुपर्ने र सोको प्रतिवेदन तयार गर्नुपर्ने ।

## २.७. शैक्षिक उपलब्धि र गतिविधि

शिक्षालाई समय सापेक्ष, सान्दर्भिक र गुणस्तरीय बनाउन, यस कलेजले आवश्यकताबमोजिम शैक्षिक योजना र कार्यक्रम निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्न विभिन्न समय अनुकूल विभिन्न गतिविधिहरू गर्दै गराउँदै आइरहेको छ। यस कलेजले शैक्षिक वर्ष २०७७/७८ मा हासिल गरेका उपलब्धि तथा गतिविधिहरू निम्नअनुसार छन् ।

क) यस कलेजले निम्ननुसार प्रकाशनहरू प्रकाशित गर्दै आएको छ ।

१) पत्रकारिताका विद्यार्थीहरूको क्षमता अभिवृद्धिका लागि 'वागीश्वरी' पत्रिका नियमित रूपमा प्रकाशित गर्दै आइरहेको छ ।

२) BSW मा अध्ययनरत विद्यार्थीहरूको सहभागितामा भित्ते बुलेटिन नियमित प्रकाशन भइरहेको छ ।

ख) यस कलेजका सम्पूर्ण तथ्याङ्कलाई व्यवस्थित गर्न EMIS मार्फत व्यवस्थापन गरिँदै आएको छ ।

ग) शै.व. २०७६/७७ मा यस कलेजद्वारा निम्न तालिमहरूको आयोजना, अभिमुखीकरण कार्यक्रम तथा सेमिनारमा सहभागिता जनाएको छ ।

१) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसका कारण प्रभावित भएको प्राज्ञिक क्रियाकलापलाई वैकल्पिक विधि ZOOM र MS TEAMS मार्फत Online कक्षा सञ्चालनको निमित्त निम्नानुसारको गतिविधिहरू सम्पन्न गरिएको छ ।

तालिका नं. ९ : Online कक्षा सञ्चालनको निमित्त गरिएका गतिविधिहरू

| क्र.स | सहजकर्ता | विषय | मिति |
|---|---|---|---|
| १. | ग्याविस खनाल, CEO, Paradise IT Solutions Pvt.Ltd | How to Use Office 365 Package for Academic Purpose | २०७७ भाद्र १८ गते |
| २. | डा. बलराम दुवाल<br>उपप्राध्यापक, त्रि.वि | Use of MS TEAMS for Teaching Learning Purpose | २०७७ भाद्र २७ गते |
| ३. | नवीन प्रजापति / दिनेश सुवाल<br>शिक्षक, वागीश्वरी कलेज | Use of MS TEAMS for Teaching Learning Purpose | २०७७ भाद्र २९ गते |

२) वैकल्पिक विधि प्रयोग गरि Online Class सञ्चालनको सम्भाव्यता अध्ययन गर्न डा. बलराम दुवालको संयोजकत्वमा अनलाइन Mini Research सम्पन्न गरिएको छ ।

३) यस कलेजले NREN बाट Zoom को लाइसेन्स र Paradise IT Solutions Pvt.Ltd सँग सहकार्य गरी Office 365 Package मार्फत विधिवत Online कक्षा, परीक्षा र अन्य गतिविधि सञ्चालन गर्दै आएको छ ।

४) सार्वजनिक खरिद अनुगमन कार्यालयको आयोजनामा मिति २०७८/४/२६ गतेदेखि २०७८/४/२९ सम्म सञ्चालित विद्युतीय खरिद प्रणालीसम्बन्धी चार दिने क्षमता अभिवृद्धि तालिममा यस कलेजको तर्फबाट सहभागीता जनाइएको छ ।

घ) यस कलेजका शिक्षक तथा विद्यार्थीहरूले निम्नअनुसारको सामाजिक गतिविधि तथा सचेतना कार्यक्रम सम्पन्न गरेका छन् ।

१) भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतामार्फत वडा नं. ९ मा वितरण गरिएको कोभिड १९ विरुद्धको खोप वितरण अभियानमा सहयोग ।

३) "Working with the Community" नाराका साथ BA/BSW का शिक्षक विद्यार्थीहरूद्वारा घ्याम्पे डाँडा, पाइलट बाबा र रानीकोट क्षेत्रको अवलोकन भ्रमण गरी स्थानीयसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

ङ) यस कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई अभिमुखीकरण गर्न निम्नानुसारको व्यक्तित्वहरूलाई आमन्त्रित गरी कक्षा सञ्चालन गरिएको छ ।

तालिका नं. १० : शै.स. २०७७/०७८ मा सम्पन्न अभिमुखीकरण कार्यक्रमहरू

| क्र.सं. | आमन्त्रित व्यक्तित्व | तह | विषय |
|---|---|---|---|
| १. | प्रा. डा. महानन्द चालिसे, त्रिवि | MBS तेस्रो र चौथो सेमेष्टरका विद्यार्थीहरू | Thesis Writing in Semester Based Master |
| २. | ग्याविस खनाल | शिक्षक तथा कर्मचारीहरू | Mricrosoft Teams तालिम |

च) हरेक आन्तरिक तथा बोर्ड परीक्षाको नतिजा विश्लेषण गरी कमजोर विद्यार्थीहरूलाई उपचार कक्षाको व्यवस्था गर्दै आइरहेको छ ।

छ) कलेजको वेभसाइट तथा सामाजिक सञ्जालमार्फत कलेजसँग सम्बन्धित सम्पूर्णलाई सूचना प्रवाह गर्दै आइरहेको छ ।

ज) विद्यार्थीहरूलाई साहित्यतर्फ जागरुक गराउन तथा उनीहरूको साहित्यिक प्रतिभा प्रस्फुटन गराउन हरेक वर्ष मोती जयन्तीको सुअवसरमा वागीश्वरी कलेज तथा वागीश्वरी माविको संयुक्त आयोजनामा 'गजल गोष्ठी' कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

झ) हरेक वर्ष यस कलेजमा कार्यरत शिक्षक र कर्मचारीबाट वर्षको १ दिन बराबरको रकम

तलबबाट कट्टी गरी विद्यार्थी सहायता कोष खडा तथा उक्त कोषबाट प्राप्त हुने ब्याजबाट छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

ञ) भ.न.पा.सँग सहकार्य गरी यस कलेजका २ जना विद्यार्थीहरूलाई भ.न.पा.मा Auditing सम्बन्धी Intern मा सहभागी गराउँदै आएको छ ।

ट) यस कलेजमा कार्यरत ७ घण्टे पूर्णकालीन शिक्षक/कर्मचारीहरूको शैक्षिक उन्नयन (M.Phil/Ph.D) का लागि बजेटको व्यवस्था गरिएको छ ।

ठ) यस कलेजले अनुसन्धान वृत्ति स्वरुप रु.२८ लाख बजेट विनियोजन गरिएको छ ।

## ३. भौतिक पक्ष

यस कलेजले विद्यार्थीहरूको सन्तुष्टिलाई आफ्नो सफलताको पाटो मान्दै उपलबध सीमित स्रोत र साधनहरूलाई अधिकतम उपयोग गरी उचित शैक्षिक वातावरण निर्माण गर्न तथा स्तरीय भौतिक संरचना व्यवस्थापन गर्न अनवरत प्रयास गर्दै आइरहेको छ । यस कलेजको भौतिक पक्ष निम्नानुसार छन् ।

### ३.१. पूर्वाधार विकास

क) यस कलेजले आफ्नो संरचना विकास र विस्तारको निमित्त तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजनाको ७३९.८४ ब.मि./१-७-१-०.२९ रोपनी जग्गामा पहिलो चरणअन्तर्गत हाल दुई तला (भुइ र पहिलो) निर्माण कार्य सम्पन्न गरिसकेको छ । उक्त कार्य सम्पन्न गर्न हालसम्म रु. २४१००३१९.३३ (अक्षरुपी दुई करोड एकचालिस लाख तीन सय उनाइस रुपैया तेतीस पैसा मात्र) खर्च भइसकेको छ ।

ख) यस कलेजको स्वामित्वमा ३ आना २ पैसा ०.३१ दाम जग्गामा निर्मित ३ तले प्रशासनिक भवन रहेको छ ।

ग) हाल यस कलेजको स्वामित्वमा १-१०-१-०.६० रोपनी जग्गा रहेको छ ।

घ) यस कलेजका सम्पूर्ण कक्षाहरू तुमचो, कमलविनायकस्थित वागीश्वरी माविको पाँच तले भवन र नवनिर्मित दुईतले कलेज भवनमा सञ्चालित छन् ।

ङ) निर्माणाधीन कलेज भवनको लागि आवश्यक ७० हजार लिटर क्षमताको खानेपानी ट्याङ्की, ब्लक बिछ्याउने, फेन्सिङ वाल (दक्षिणतर्फ) र भऱ्याङमूनि कोठा निर्माण कार्य सम्पन्न भइसकेको छ ।

### ३.२. शैक्षिक स्रोत साधन

यस कलेजमा अध्ययनरत विद्यार्थीहरूको अध्ययनलाई थप सहज बनाउन कलेजले इन्टरनेटसहितको कम्प्युटर ल्याब, यथेष्ट पुस्तक तथा सन्दर्भ सामग्री र भरपर्दो फर्निचरलगायत शैक्षिक स्रोत साधनको व्यवस्था गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

## तालिका नं. ११ : शैक्षिक स्रोत साधन

| क्र.सं. | शैक्षिक स्रोत साधन | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | कम्प्युटर | ३८ वटा | |
| २ | प्रोजेक्टर | ७ वटा | |
| ३. | कम्प्युटर ल्याब | १ वटा | |
| ४. | पुस्तक र सन्दर्भ पुस्तक | १०८२६ वटा | |
| ५. | वार्षिक जर्नल | १४७ वटा | |
| ६. | फर्निचर | २६४/२६४ – डेस्क/बेन्च | |
| ७. | क्यामेरा | १ थान | |
| ८. | फोटोकपी मेशिन | १ थान | |
| ९. | ल्यापटप | ५ थान | |
| १०. | शोधपत्र | १२७ थान | |
| ११. | स्मार्ट बोर्ड | १ थान | |
| १२. | रेकर्डर | ५ थान | |
| १३. | टेबल/मेच | ६२/१३८ थान | |

हाल विद्यार्थीहरूलाई Open Access लाइब्रेरी, फ्रि इन्टरनेट सुविधासहित मिडिया ल्याब, जेनेरेटर,मल्टिमिडिया र क्याफेटेरियाको सुविधा उपलब्ध छ। वागीश्वरी माविसँग सहकार्य गरी विद्यार्थी, शिक्षक, कर्मचारीहरूको लागि बसको व्यवस्था गरिएको छ। अध्ययन अध्यापनलाई प्रविधिमैत्री बनाउन विद्यार्थीहरूको निमित्त छुट्टै मिडिया ल्याब र शिक्षकहरूको लागि Faculty Research Management Cell को व्यवस्था गरिएको छ।

### ४.आर्थिक पक्ष

#### ४.१. आर्थिक स्रोत

अन्य नाफामुखी निजी कलेजहरूको भन्दा यस कलेजको शुल्क सबैको पहुँच पुग्न सक्ने बनाउने कोसिस गरिएको छ। यस कलेजको प्रमुख आर्थिक स्रोत विद्यार्थी शुल्क र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने विभिन्न अनुदान रहेको छ। विगत ३ वर्षको आम्दानी विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

**तालिका नं. १२ : आय विवरण**

| क्र.सं. | आम्दानीका स्रोतहरू | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | कैफियत |
|---|---|---|---|---|---|
| १. | विद्यार्थी सङ्कलन | | | | |
| | भर्ना शुल्क | १००३००० /- | ११२०५०० /- | २९७०००/- | |
| | मासिक शुल्क | ६२३३३३०/- | ५७३२४६० /- | ५०३६८५०/- | |
| | परीक्षा/रजिष्ट्रेशन शुल्क | २५५३०१५/- | १३५२८९० /- | १३९१७२५/- | |
| | पुस्तकालय शुल्क | ८८४८४५/- | ९१८५१०/- | ५४४५००/- | |
| | परिचय पत्र शुल्क | १०६२०० /- | ९९०००/- | ११४३३०/- | |
| | विविध वार्षिक शुल्क | २५३४५२०/- | ३५७१९३०/- | २३७९१०५/- | |
| | चारित्रिक प्रमाणपत्र र अन्य | १२८७७० /- | ३३०९६०/- | २५६१००/- | |
| | केश स्टडी | ८४२९५० /- | ७४८५५०/- | ६३१३००/- | |
| २. | बैंकबाट ब्याज | ४८८९९१/७३ | ५१५९९८/६० | १४८३४६/३९ | |
| | जम्मा | | | | |
| ३. | विश्वविद्यालय अनुदान आयोग | | | | |
| | नियमित अनुदान | २३७६२००/- | ४०९१५५०/- | ३३८६५५०/- | |
| ४. | प्रदेश ३ | २००००००/- | | ६००११४३/- | |
| | जम्मा आम्दानी | १९१५१८२१/७३ | १८४८२३४८/६ | २०१८६९४९/३९ | |

माथि उल्लिखित तथ्याङ्कले आर्थिक वर्ष २०७६/०७७ मा भन्दा २०७७/०७८ मा आम्दानी बढेको देखिन्छ। आ.व. २०७५/७६ मा कलेजको आम्दानी जम्मा १९१५१८२१/७३ (अक्षरूपी एक करोड एकानब्बे लाख एकाउन्न हजार आठ सय एक्काइस रूपैया त्रिहत्तर पैसा) रहेको छ भने आ.व २०७६/७७ मा कलेजको आम्दानी जम्मा रु.१८४८२३४८/६ (अक्षरुपी एक करोड चौरासी लाख बयासी हजार तीन सय अठ्चालीस रुपैया छ पैसा) मात्र रहेको छ। आ.व. २०७७/०७८ मा आम्दानी बढेर जम्मा रु. २०१८६९४९/३९ (अक्षरुपी दुई करोड एक लाख छ्यासी हजार नौ सय उनान्चास रुपैया उनान्चालीस पैसा) पुगेको छ।

### ४.२. विगत ३ वर्षको खर्च विवरण

**तालिका नं. १३ : व्यय विवरण**

| खर्च शीर्षक | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | कैफियत |
|---|---|---|---|---|
| चालु खर्च | | | | |
| शिक्षक तथा कर्मचारी तलब खर्च | ८९०४६७० | ९३९९६९६/८० | ७४०१३५७/- | |
| छात्रवृत्ति तथा नियमन खर्च | ४१२१७७१ | ३५८०८५० | १९५३४२४/- | |
| प्रशासनिक खर्च | ३६१३९९३/१० | ४०९५१३८/०८ | ३९६०५०४/०२ | |
| जम्मा खर्च | १६६४०४३४/१ | १७०७५६८४/८८ | १३३१५२८५/०२ | |

| पूंजीगत खर्च | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | कैफियत |
|---|---|---|---|---|
| जग्गा खरिद | ९०२३८० | ० | | |
| भवन तथा स्ट्रक्चर | ७७१९१६ | १७५८४२८२/३३ | ६५१६०३७/- | |
| फर्निचर तथा कार्यालय उपकरण | २३४४२३१ | ७५१७१०/- | ५६४२५/- | |
| पुस्तक | ३५४५३६ | २१७४८०/०१ | ४२८४८/- | |
| प्रयोगशाला सामान | ० | ९९२५९/९८ | ११७३२/- | |
| जम्मा खर्च | ४३७३०६३/- | १८६५२७३२/३२ | ६६२७०४२/- | |

यस कलेजको चालु खर्चतर्फ आ.व. २०७५/७६ मा १६६४०४३४/१ (अक्षरुपी एक करोड छैसठी लाख चालीस हजार चार सय चौतीस रुपैया एक पैसा) चालु खर्च रहेको छ भने आ.व. २०७६/०७७ मा १७०७५६८४/८८ (अक्षरुपी एक करोड सत्तरी लाख पचहत्तर हजार छ सय चौरासी रुपैया अठासी पैसा) रहेको छ। त्यस्तै आ.व. २०७७/०७८ मा १३३१५२८५/०२ (अक्षरुपी एक करोड तेतीस लाख पन्ध्र हजार दुई सय पचासी रुपैया दुई पैसा) रहेको छ। जुन गत आ.व. भन्दा २२.०२ प्रतिशतले न्यून हो।

पुँजीगत खर्चतर्फ आ.व. २०७५/०७६ मा रु. ४३७३०६३/- (अक्षरूपी त्रिचालीस लाख त्रिहत्तर हजार त्रिसठी रूपैया खर्च भएको थियो भने आ.व. २०७६/७७ मा रु. १८६५२७३२/३२ (अक्षरुपी एक करोड छ्यासी लाख बाउन्न हजार सात सय बत्तीस रुपैया बत्तीस पैसा) रहेको छ। त्यस्तै आ.व. २०७७/०७८ मा रु. ६६२७०४२/- (अक्षरुपी छैसठी लाख सत्ताइस हजार बयालीस रुपैया) रहेको छ। तीन वर्षको तुलनात्मक खर्च हेर्दा आ.व. २०७६/७७ र २०७७/७८ मा कलेजको नयाँ भवन निर्माण कार्यले गर्दा खर्च बढेको देखिन्छ।

## ५. सामाजिक प्रगति

समुदायको उत्तरोतर प्रगति र सकारात्मक परिवर्तनको लागि वागीश्वरी कलेज आफूलाई सर्वदा उत्तरदायी ठान्दछ। तसर्थ, कलेजले आफ्ना सम्पूर्ण शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूलाई देश र समुदायप्रति बढी उत्तरदायी बनाउन राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्तरमा सञ्चालन हुने विभिन्न अन्तर्क्रियात्मक, खेलकूद, साँस्कृतिक, अभिमुखीकरण, जनचेतनामूलक, समाजसेवा, सरसफाइ तथा विकास निर्माण कार्य जस्ता थुप्रै कार्यक्रमहरूमा नियमित रूपमा सक्रिय सहभागिता गराउँदै आएको छ।

### ५.१. सामाजिक क्रियाकलापमा कलेजको संलग्नता

क) कलेजको आर्थिक, भौतिक, शैक्षिक तथा हरेक गतिविधिसम्बन्धि विवरण तथा जानकारी कलेजको वेभसाईट, सामाजिक सञ्जाल, सूचना पाटी, वागीश्वरी पत्रिका तथा अन्य सञ्चार माध्यममार्फत सार्वजनिक गर्ने गरिएको छ।

ख) स्थानीय तह भक्तपुर नगरपालिकाद्वारा आयोजना गरिएको विभिन्न सामाजिक,

सांस्कृतिक, विकास निर्माण, खेलकुद शैक्षिक चेतनामूलक तथा सरसफाइ अभियानमा सक्रिय सहभागिता जनाउँदै आइरहेको छ।

ग) देशका विभिन्न सुगम तथा दुर्गम क्षेत्रहरूको भ्रमण र त्यहाँको शैक्षिक, सामाजिक, सांस्कृतिक, स्वास्थ्य तथा आर्थिक पक्षहरूको अवलोकन, त्यहाँ सञ्चालित विकास परियोजनाहरूको अवलोकन भ्रमण आदिमा सहभागिता गराउँदै यस कलेजका विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूमा नैतिक तथा सामाजिक जिम्मेवारी वहन गराउने अवसरको सिर्जना गराउँदै आएको छ।

घ) ईसिमोड, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा विभिन्न वित्तीय सङ्घ संस्थाद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूमा निरन्तर सहभागिता जनाउँदै आइरहेको छ।

ङ) कलेजले विभिन्न संघ संस्थाहरूद्वारा आयोजना गरिने सामाजिक कार्यका लागि आर्थिक, भौतिक, तथा नैतिक सहयोग गर्दै आएको छ।

## ५.२. कलेजको विकासमा समुदायको संलग्नता

क) स्थानीय बासिन्दा, अभिभावक, शुभेच्छुक, विज्ञ, राजनीतिज्ञ, विभिन्न सामाजिक, सांस्कृतिक तथा वित्तीय संघसंस्था आदिबाट यस कलेजको भौतिक, आर्थिक तथा शैक्षिक विकासमा सकारात्मक भावनाको विकास, निरन्तर सरसल्लाह र सहयोग प्राप्त हुँदै आएको छ।

ख) कलेजबाट आयोना हुने कलेज सभा, वार्षिक कार्यक्रम, बैठक र अन्य समारोहमा समुदायको सक्रिय सहभागिता रहँदै आएको छ।

ग) कलेजको विकासको लागि कलेज व्यवस्थापन समिति र उपभोक्ता समितिको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ।

## ५.३. समुदायको विकासको लागि कलेजको भावी योजना

कुनै पनि समुदायलाई व्यवस्थित रूपमा अगाडि बढाउनको लागि शैक्षिक संस्थाको भूमिका महत्त्वपूर्ण हुने गर्दछ। गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गरी समाजको आवश्यकता परिपूर्ति गर्ने लक्ष्य बोकेको यस कलेजले समुदायको विकासको लागि निम्नानुसारको भावी योजना तय गरेको छ।

क) सैद्धान्तिक शिक्षालाई व्यवहारमा लागू गरी शिक्षालाई जीवनोपयोगी बनाउनमा सहजीकरण गरिनेछ।

ख) समाजको आवश्यकतालाई मध्य नजर गरी सङ्कायगत विषयहरू थप गर्न प्रयास गर्नेछ।

ग) प्रयोगात्मक अभ्यासका लागि प्रत्यक्ष रूपमा समुदायमा गएर अध्ययन, अवलोकन गरेर यथार्थ वस्तुस्थितिको विश्लेषण गरी उनीहरूलाई अभिमुखीकरण गर्न लगाउने।

घ) चाड पर्व, विभिन्न अवसर समारोहमा हुने सामाजिक विकृतिहरू हटाउनका लागि विद्यार्थीहरूलाई आ-आफ्नो समुदायमा जिम्मेवारी बहन गर्न लगाउने।

ङ) समुदायका विभिन्न पक्षसँग सहकार्य गरी समाज विकासमा योगदान पुऱ्याउने ।

च) ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक महत्त्वको सम्पदा क्षेत्रको सरसफाइ मर्मत सम्भार र संरक्षणमा सहयोग पुऱ्याउने ।

छ) समुदायका विभिन्न पक्षहरूको अध्ययन अनुसन्धानका साथै सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ५.४. कलेजमा समुदायको संलग्नता वृद्धि गर्ने योजना

कुनै पनि शैक्षिक संस्थाको दिगो विकासको लागि त्यस शैक्षिक संस्थासँग गाँसिएको समुदायको मुख्य भूमिका रहने गर्दछ । तसर्थ यस कलेजको दिगो विकासका लागि यस कलेजसँग गाँसिएका समुदायको सक्रिय र रचनात्मक संलग्नता वृद्धि गर्न निम्नानुसारको योजना रहेको छ ।

क) कलेजको कलेजसभा तथा क्याम्पस व्यवस्थापन समितिमा समुदायको प्रतिनिधित्वलाई निरन्तरता दिने ।

ख) कलेजको भौतिक, आर्थिक र शैक्षिक नतिजाको बारेमा अभिभावकहरूलाई समय समयमा जानकारी गराइनेछ ।

ग) अभिभावक भेलालाई बढावा दिने र कलेज अभिभावक सहकार्य कार्यक्रम सञ्चालन गर्ने ।

घ) कलेजको भौतिक तथा शैक्षिक विकासमा समुदायको प्रत्यक्ष संलग्नता बढाउने ।

## ६. कलेजको समस्या तथा चुनौतीहरू

हरेक संस्थाले सफलतापूर्वक कार्य सम्पादन गर्नका लागि विभिन्न चुनौतीहरूको पार गर्नुपर्ने हुन्छ । हाल यस कलेजसामू तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन उद्देश्य पूरा गर्नका लागि निम्न चुनौतीहरू रहेका छन् ।

### ६.१. छोटो समयावधिका चुनौतीहरू

क. विद्यार्थीको नियमितता तथा बीचैमा कक्षा छोड्ने समस्यालाई निराकरण गर्नुपर्ने,

ख. विद्यार्थी उत्तीर्ण दर वृद्धि गर्नुपर्ने ।

ग. अनुसन्धान जर्नल प्रकाशन गर्नुपर्ने ।

घ. कलेजको अनुसन्धानको लागि विनियोजित बजेटलाई उपयोग गर्नुपर्ने ।

